बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर,लमजुङ
गण्डकी प्रदेश,नेपाल

Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.com
फ्याक्स नं. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

प.सं. :- २०८०-८१
च.नं.:-

मिति :-२०८०-०४-०४

## मृगौला प्रत्यारोपण गरेका/ डायलाइसिस गराइरहेका/ क्यान्सर रोगी/ मेरुदण्ड पक्षघात भएका लाभग्राहीको नविकरण सम्वन्धि सूचना

प्रस्तुत बिषयमा यस बेसीशहर नगरपालिकावाट मृगौला प्रत्यारोपण गरेका/ डायलाइसिस गराइरहेका/ क्यान्सर रोगी (क्यान्सर रोगको उपचारमा रहिरहेका, Close Follow up मा रहेका) / मेरुदण्ड पक्षघात भएका (रातो र निलो अपाङ्ग परिचय पत्र वाहक) बिरामीहरुको औषधी उपचार वापत खर्च प्राप्त गरिरहनु भएको सम्पूर्ण लाभग्राहीहरुले यस आ.व. २०८०/८१ मा नियमित औषधी उपचार खर्च बापत रकम उपलब्ध गर्नको लागि मिति २०८०/०५/१५ गते सम्ममा लाभग्राही आफै वडा कार्यालयमा उपस्थित भई निवेदन दिई अनिवार्य रुपमा नविकरण गर्नुहुन यो सुचना प्रकाशित गरीएको छ । तोकीएको समयमा नविकरण नगराएमा औषधी उपचार खर्च वापतको रकम प्राप्त गर्न नसकिने र कुनै पनि लाभग्राहीको औषधी उपचार खर्च बापतको रकम छुट्न गएमा र निजले पुन प्राप्तीका लागी निवेदन दिएमा निवेदन पश्चात नयाँ लाभग्राहीको सुचीमा दर्ता गराइ औषधी उपचार खर्च बापतको रकम प्राप्त गर्न सक्ने व्यहोरा जानकारी गराइन्छ । साथै विरामी अशक्त भएका लाभग्राहीको हकमा निजको नजिकको हकदारले नविकरण गर्ने व्यवस्था गर्नुहुनको लागी अनुरोध छ ।

**नविकरणको लागि आवश्यक कागजपत्रहरु :-**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- बालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- अपाङ्गता भएका व्यक्तिको हकमा पालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि
- आवश्यकता अनुसार बसाई सराई दर्ता प्रमाणपत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- अनुसुची -१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारीस
- अनुसुची - २ बमोजिमको ढाँचामा निवेदन
- बैक खाता नं. र चेकको फोटोकपी

.....................
इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत